धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश नेपाल
Dhangadhi, Siraha, Madesh Province, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०७८/०७९
च.नं.(Ref.No.): १६२४

मिति:२०७९।०३।०२

श्री वडा कार्यालयहरु सबै (१-१४),
श्री विषयगत शाखाहरु सबै,
श्री सम्पूर्ण उपभोक्ता समितिहरु,
श्री सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
श्री जिन्सी फाँट,
धनगढीमाई नगरपालिका, धनगढी सिरहा।

**विषयः आ.व.२०७८।०७९ को भुक्तानी तथा खाता बन्द सम्बन्धमा।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाबाट संचालित आ.व.२०७८।०७९ को सम्पूर्ण कार्यक्रमहरुको २०७९।०३।१५ भित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्न अनुरोध गरिन्छ। **तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न धनगढीमाई नगरपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराइन्छ।**

**संघीय सरकारको शर्शत कार्यक्रम, प्रदेश सरकारको शशर्त कार्यक्रम र प्रदेश पूर्वाधार तर्फको सबै योजनाको फरफारक मिति २०७९/०३/१० भित्र सम्पन्न गर्नुपर्नेछ।**

नगरपालिकाबाट संचालित अन्य योजना तथा कार्यक्रमको हकमा मिति २०७९।०३।१५ गते भित्र कार्य समपन्न गरी सम्पूर्ण कागजात नगरपालिकामा पेश गरी भुक्तानी माग गर्ने र मिति २०७९।०३।२० गते भित्र सबै योजनाको फरफारक सम्पन्न गर्नुपर्नेछ।

आर्थिक वर्षको अन्तिम सात दिनभित्र कर दिखला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी सोको बैंक भौचर कोलेनिकामा बुझाउने र आ.ब.०७८।०७९ को सम्पूर्ण कारोबारको

पुरुषोत्तम कुमार प्रसाद
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प.सं.(Letter No.): २०७८/०७९
च.नं.(Ref.No.): ९५४

हिसाब मिलान गरी संघीय सरकार, प्रदेश सरकार लगायतका निकायमा प्रतिवेदन पठाउने समेतका कामहरु आ.व.समाप्त हुनुभन्दा अगावै गरि सक्नु पर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले मिति २०७९।०३।१५ भित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा कार्यालय भुक्तानी दिन असमर्थ हुने हुदाँ समय सिमा भन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयंम सरोकराबाला नै जिम्मेबार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ।

**सादर अवगतार्थ:**

**श्रीमान् नगर प्रमुखज्यू,**

**श्रीमान् नगर उपप्रमुखज्यू,**

धनगढीमाई नगरपालिका।

**बोधार्थ:**

**योजना शाखा:** सम्पूर्ण उपभोक्ता समितिहरु तथा समितिहरु तथा निर्माण व्यवसायीको २०७९।०३।१५ सम्म गरेको कामको असार २० गतेभित्र भुक्तानी प्रक्रिया अगाडी बढाउनुहुन।

**पूर्वाधार शाखा:** सम्पूर्ण सम्पन्न भएको कामको २०७९।०३।१५ भित्र मूल्याङ्कन गरी पेश गर्नु हुन।

**शिक्षा शाखा:** सम्पूर्ण विद्यालयहरुलाई २०७९।०३।१५ भित्र भुक्तानी माग गर्न ताकेता गर्नुहुन।

**वडा कार्यालयहरु:** वडा भित्र सम्पन्न भएको सम्पूर्ण कार्यहरुको फरफारक २०७९।०३।१५ भित्र सक्नु हुन।

**सम्पूर्ण विद्यालयहरु:** २०७९।०३।१५ गते भित्र सम्पूर्ण योजनाहरुको फरफारक गर्नु हुन।

**सम्पूर्ण उपभोक्ता समतिहरु:** २०७९।०३।१५ भित्र योजनाको फरफारक गर्नु हुन।

**सूचना प्रविधि शाखा:** सम्पूर्ण सरोकारबालाहरुलाई जानकारी गराउनु हुन।

| | |
|---|---|
| ............................ | ............................ |
| **पुरुषोत्तम कुमार प्रसाद** | **गोपाल प्रसाद बगाले** |
| **लेखा अधिकृत** | **प्रमुख प्रशासकीय अधिकृत** |

पुरुषोतम कुमार प्रसाद
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत